# संघीय सरकार व्यक्तिगत प्रतिशोधको राजनीतिमा लागेको आरोप

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ चैत्र

मधेश प्रदेश सभाका सांसदहरूले संघीय सरकारले विकास र शान्ति सुरक्षाको काम गर्नुभन्दा व्यक्तिगत प्रतिशोधको राजनीतिमा लागेको आरोप लगाएका छन् ।

बुधबार प्रदेश सभामा बोल्ने अधिकांश सांसदहरूले सरकारको व्यवहारले देशको शान्ति सुरक्षा खलबलिन सक्ने चेतावनी समेत दिए । बैठकमा सांसद हरिनारायण यादवले बालेन शाह नेतृत्वको संघीय सरकारले जेनजी आन्दोलनको नाममा गठन गरिएको छानबीन समितिलाई व्यक्तिगत प्रतिशोध साध्न प्रयोग गरेको आरोप



लगाए । उनले भने, 'गौरीबहादुर कार्कीको नेतृत्वमा तयार पारेको प्रतिवेदनलाई विभिन्न दलका नेताहरूमाथि झुठा मुद्दा लगाएर जेल हाल्न प्रयोग गरिँदैछ । यसले देशमा शान्ति सुरक्षा खलबलिन सक्ने सम्भावना छ ।' उनले थपे, 'आज कांग्रेस र एमालेका नेताहरूमाथि झुठा मुद्दा लगाएर जेल हालिन्छ भने भविष्यमा अन्य पार्टीको सरकार हुँदा त्यस्तै प्रक्रिया गरिनुपर्ने अवस्था आउँछ ।' सांसद सुरिता साहले पनि संघीय सरकारले देशमा शान्ति सुरक्षा कायम राख्नभन्दा व्यक्तिगत प्रतिशोध साध्न खोजेको आरोप लगाइन् ।

उनले संघीय सरकार मधेश विरोधी भएको दाबी गर्दै भनिन्, 'मधेशीको मतबाट बनेको सरकारमा मधेशी, दलित र आदिवासी जनजातिको सहभागिता कतिको छ? यसैले प्रष्ट हुन्छ ।' सांसद रामसरोज यादवले संघीय सरकारले विदेशी प्रभावमा काम गर्दै आएको आरोप लगाए । उनले भने, 'निर्वाचनमार्फत जनताको मत अनुसार सरकार गठन भए पनि जेनजी आन्दोलनको छानबिन समिति गठन गरेर पूर्वमन्त्री तथा नेताहरूमाथि झुठा मुद्दा लगाउने तयारी देखाउँछ कि सरकार विदेशी योजना अनुसार देशमा खेलखेलको शिकार भएको छ ।' सांसद बिना देवी शर्माले पनि संघीय सरकारको उद्देश्य व्यक्तिगत दुश्मनी मेट्नमा सीमित भएको बताइन् । उनले भनिन्, 'एमाले र कांग्रेसका नेताहरूमाथि पक्राउ र झुठा मुद्दा लगाउने तयारी जारी छ । यसले सरकारको वास्तविक उद्देश्य स्पष्ट पार्दछ ।' बैठकमा अधिकांश सांसदहरूले प्रतिशोध साध्नकै लागि गौरीबहादुर कार्कीको नेतृत्वमा छानबीन समिति गठन भएको बताए । सांसदहरूले भदौ २३ र २४ गतेका विध्वंसका घटनामा संलग्न व्यक्तिहरूको छानबिन गर्न समेत जोड दिए । उनीहरूको भनाइ अनुसार राजधानीदेखि प्रदेशसम्म मन्त्रीहरूको घर र सम्पत्ति जलाउने घटनामा संलग्नहरूलाई कारवाही गर्न आवश्यक छ ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

### जलेश्वर, महोत्तरी

## प्रस्ताव अह्वान सम्बन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति :-२०८२/१२/१९

यस कार्यालयको आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिलका कार्यक्रमहरु संचालनका लागि सम्बन्धित कार्यक्रमको मापदण्ड तथा संचालन विधिमा उल्लेखित प्रावधान तथा शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न योग्य आवेदकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८३/०१/०३) सम्म कार्यालय समय भित्र खामबन्दी प्रस्ताव दर्ता गर्नु/गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको website: vhlsecmahottari.p2.gov.np वा यस कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं.०४४-५२००७३, अधिकृत छैठौं श्री राम शंकर शर्माको मो.नं.९८४४१४११६५ र अधिकृत छैठौ श्री विजय पाण्डेयको मो.नं.९८४१९०३९६३ मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | कुल अनुदान रकम रु. | प्रति इकाई कार्यक्रम अधिकतम अनुदान रकम रु. | साझेदार अनुदानग्राहीको लागत | साझेदार अनुदानग्राही |
|---|---|---|---|---|---|---|---|
| १. | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (सर्वसाधारणको लागि ९०%) | कट्ठा | २७० | ४५ लाख | १५ हजार प्रति कट्ठा जलाश्य क्षेत्रफल | प्रति इकाई कार्यक्रम अनुदान रकम वाहेक बाँकी सवै | मत्स्य पालक कृषक/फार्म |
| | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (आरक्षित कोटा १०%) | कट्ठा | ३० | | | | |
| २. | पोखरी भित्रको रेसवे प्रणालीमा मत्स्य पालन (IPRS) कार्यक्रम | पटक | १ | ३० लाख | ३० लाख | ५० % | व्यवसायिक मत्स्य पालन फार्म |
| ३. | हरुवाचरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागि १००% अनुदानमा पशुपन्छी पालन | संख्या | ४ | २० लाख | ५ लाख | नभएको | हरुवा चरुवा लगायत लक्षित वर्गको समूह |

**देहायः**

**आवेदनका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. कार्यक्रम अनुसारको ढाँचामा प्रस्ताव/आवेदन,
२. कार्यक्रम अनुसारको ढाँचामा संक्षिप्त कार्ययोजना,
३. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. व्यवसायिक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. कार्यक्रम संचालन हुने स्थानको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपुर्जा र करार पत्रको प्रतिलिपि (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तिमा ५ वर्ष अवधिको),
६. तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि, किसान परिचयपत्रको प्रतिलिपि (भए),
७. लागत प्रतिबद्धता (स्वघोषणा), स्थानिय तहको पशुपंछी शाखाको सिफारिस र अन्य आवश्यक कागजातहरु ।

**हरुवा चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनको लागि पशुपन्छी पालन कार्यक्रमको हकमा थप संलग्न गर्नुपर्ने कागजातहरुः**

१. सम्बन्धित स्थानिय तह/निकायबाट हरुवा चरुवा, दलित लगायत लक्षित वर्गको स्थानिय तह वा अधिकारीक निकायबाट पहिचान खुल्ने कागजातहरु,
२. समूह बैठकको कार्यक्रममा सहभागी गराईदिनुहुन र लागत प्रतिवद्धता खुल्ने निर्णयको प्रतिलिपि,
३. स्थानीय तहको कार्यक्रममा सहभागी गराई दिनु हुन विषयको सक्कलै सिफारिस पत्र ।

| क्र.सं. | कार्यक्रम नाम | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| ४. | सामुदायिक कृ.ग. कर्तालाई तालिम तथा लजिष्टिक सपोर्ट | कार्यक्रममा सहभागी हुनका लागि निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, मान्यता प्राप्त निकायबाट कृग.सम्बन्धि तालिम प्रमाणपत्रको प्रतिलिपि, कृ.ग. कार्यमा संलग्न रहेको स्वघोषणा |

**कार्यालय प्रमुख**

# वडा नं. १७ द्वारा वडा नं. २३ १७ रनले पराजित

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ चैत्र

जनकपुरधाममा जारी वडा स्तरीय क्रिकेट प्रतियोगिता २०८२ अन्तर्गत क्वार्टरफाइनल चरणको खेलमा वडा नं. १७ ले प्रभावशाली प्रदर्शन गर्दै वडा नं. २३ लाई १७ रनले पराजित गरेको छ ।

यस जितसँगै वडा नं. १७ प्रतियोगिताको सेमीफाइनलमा प्रवेश गरेको हो । टस जितेर पहिले ब्याटिङ रोजेको वडा नं. १७ ले निर्धारित १४ ओभरमा ७ विकेट गुमाउँदै ११२ रनको प्रतिस्पर्धात्मक लक्ष्य प्रस्तुत गरेको थियो । टोलीका लागि पंकज यादवले आक्रामक ब्याटिङ गर्दै २५ बलमा ४२ रन बनाए । उनको इनिङ्समा ५ चौका र २ छक्का समावेश थिए । त्यस्तै, रुपेशले २३ रन तथा रुपेश मुखिया 'बी' ले १७ रन थप्दै टोलीलाई मजबुत स्कोरसम्म पुऱ्याए । ११२ रनको लक्ष्य पछ्याएको वडा नं. २३ निर्धारित ओभरमा ७ विकेट गुमाउँदै ९५ रनमै सीमित भयो ।



CamScanner